बैठक संख्या २/१२९

आज मिति २०७९ भाद्र ०५ गते आईतवारका दिन सूर्यविनायक नगरपालिकाको १२८ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | | | |
| | | | |

**मिति २०७९ भाद्र ०५ गते नगर कार्यपालिका (१२९ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. नगरपालिकाको दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
२. स्थानीय बिदा सम्बन्धमा ।
३. बाढी तथा पहिरो राहत सहयोग प्रदान गर्ने सम्बन्धमा
४. भूउपयोग योजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने
५. विद्यालय गाभ्ने सम्बन्धमा
६. सामुदायिक विद्यालय र अन्य निकायमा अडिटर तोक्ने सम्बन्धमा
७. विषयगत शाखाबाट तयार गरिएको बजेट तथा कार्यक्रमको कार्ययोजना सम्वन्धित समितिबाट स्वीकृत गर्ने ।
८. नगरपालिकाको लागि आवश्यक कार्यालय सामाग्र टेण्डर प्रकृयाबाट खरिद गर्ने
९. नगरपालिका र अन्तर्गत स्वीकृत दरबन्दीभित्र सेवा करारमा कार्यरत कर्मचारीहरुको तलब वृद्धि गर्ने ।
१०. विविध

**निर्णय नं १**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को ज्याला, ढुवानी र निर्माण सामाग्रीको दररेट स्वीकृत गर्नुपर्ने भएकोले पूर्वाधार शाखाको तर्फबाट प्रचलित कानून, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटको आधारमा पूर्वाधार विकास समितिको मिति २०७९ भाद्र ५ गतेको बैठकबाट स्वीकृतीका लागि सिफारिस भई आएको दररेट स्वीकृत गर्ने निर्णय गरियो । जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत भई आएको हिम पाईपको दररेटमा २५ प्रतिशत घटाई लागूगर्ने निर्णय गरियो ।

**निर्णय नं २**

उत्तराखण्ड स्थित केदारनाथका पिठाधीश श्री १००८ स्वामी भिमाशंकर लिंग शिवाचार्य महाराजजीबाट यस सूर्यविनायक नगरपालिका वडा नं ८ स्थित डोलेश्वर महादेव मन्दिरलाई २०६६ भाद्र ६ गतेको दिन केदारनाथको शिर डोलेश्वर महादेव हो भनी घोषणा गरिएको दिनलाई स्थानीय बिदा दिने सन्दर्भमा छलफल हुदा केदारनाथको शिर डोलेश्वर महादेव मन्दिर हो भनी प्रमाणीकरण भएको दिनलाई स्थानीय पर्वको रुपमा मनाउन मिति २०७९ साल भाद्र ६ गते एक दिन अत्यावश्यक सेवा र विद्यालयहरुको पूर्व निर्धारित परीक्षा वाहेक यस नगरपालिका र अन्तर्गतका सवै कार्यालयहरुमा स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नं ३**

एघारौं नगरसभाबाट विपद व्यवस्थापन कोष, मर्मत संभार कोष र अन्य विभिन्न शिर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन र निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

क. आर्थिक सहयोग र उपचार खर्च

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | भगवति कार्की आ.स. | वडा नं १ | १०००० |
| २ | ललिता महत आ.स. | वडा नं ९ | १०००० |
| ३ | आदीवासी दिवस संचालन सहयोग | सूनपा | २०००० |
| ४ | दिनेश देउज्रा उपचार खर्च | वडा नं १० | २०००० |
| ५ | श्यामबाबु विसुंखे युरिन समस्या शल्याक्रिया | वडा नं ९ | ५०००० |
| ६ | सन्तोषि बानिया आ.स. | सूनपा १ | १५००० |
| ८ | लुरे वस्नेत | सूनपा १ | १५००० |
| ९ | शरण ज्योती उपचार खर्च | सूनपा ८ | २०००० |
| १० | उमा पाण्डे उपचार खर्च | सूनपा १ | १०००० |
| ११ | देवी अधिकारी आ.स. | वडा नं १ | २५००० |
| १२ | क्यान्सर पिडित सूरज बस्नेत मृत्यु सहयोग | वडा नं १० | १०००० |

ख. पूवाधार तर्फ

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | वडा नं ३ कार्यालय भवन मर्मत सुधार | वडा नं ३ | ६९००० |
| २ | ढुंगेधारा पाटी सूर्यविनायक गणेश थान जाने बाटो | सूनपा ८ | १०००००० |
| ३ | लोला टोल  गणेश मन्दिर निर्माण | सूनपा ८ | ५००००० |
| ४ | सोमलिंगेश्वर विद्यालय खानेपानी | वडा नं १ | १००००० |

ग खेलकुद

| क.स. | कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | तेकान्दो संघ भक्तपुर | | १०००० |
| २ | स्टेरियो कराते उपत्यका व्यापी सूर्य बहादुर तमांग | वडा न ६ | ४९००० |

घ विपद सहयोग

| क.स. | विपद विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | पहिरो रोकथाम कृष्ण खत्री | सूनपा - ५ | २५००० |
| २ | रामहरी श्रेष्ठ कुखुरा क्षति | सूनपा १ | ५०००० |
| ३ | कान्छा नगरकोटी घर क्षति | वडा न १० | १०००० |
| ४ | मनिश कार्की कच्ची घर क्षति | वडा न १० | १०००० |
| ५ | तोरणबहादुर थापा पहिरोमा मानवीय क्षति | वडा नं १० | ९९००० |
| ६ | यादव खत्री घर पहिरो संरक्षण | वडा नं ९ | ५०००० |
| ७ | विश्व थापा घर क्षति | वडा नं १० | १०००० |
| ८ | विपद सहयोग | वडा नं ५ | २०००० |

आ.व.२०७९।८० का लागि नगरसभाको एघारौं अधिवेशनबाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना २०७९ भाद्र मसान्तभित्र सम्बन्धित विषयगत समितिको बैठकबाट स्वीकृत गराई कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

नगरपालिका र अन्तर्गतका कार्यालयहरुको लागि आवश्यक मसलन्द, कार्यालय सामाग्री एव अन्य मेशिनरी औजार, उपकरण एवं फर्निचर सामानहरुको बार्षिक खपत परिमाण यकिन गरी सो अनुसार सम्बन्धित शाखाले खरिद योजना निर्माण गर्ने र सोको आधारमा टेण्डर प्रकृयाबाट खरिद कार्य अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९**

२०७९ साल श्रावण १ गतेदेखि लागू हुने गरि नगरपालिका र अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको तलब निजहरुले खाईपाई आएको शुरु तलब स्केलमा १५ प्रतिशत थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

सूर्यविनायक नगरपालिकाबाट संचालित विभिन्न विकास निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा विवाद सिर्जना हुने र त्यस क्रममा विभिन्न अदालतहरुमा रिट निवदेन दिनेको संख्या वृद्धि हुँदै गएकोले हाल कार्यरत २ जना कानून व्यवसायीहरुबाट मात्र कार्य सम्पादन गर्न भ्याइनभ्याई भएको हुँदा बढ्दो कार्यबोझलाई मध्यनजर राखी दायर गरिएका रिट निवेदन एवं मुद्दाहरुको तोकिएको समयमा प्रतिउत्तर तथा बहस पैरवी गर्न सहज तुल्याउन अर्को निर्णय नभए सम्मको लागि सूर्यविनायक नगरपालिका वडा नं ४ निवासी अधिवक्ता श्री अनिल श्रेष्ठलाई मासिक रु.२००००। (बीस हजार) पारिश्रमिक उपलब्ध गराउने गरी नगरपालिकाको कानूनी परामर्शदाताको रुपमा सेवा करारमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

सूर्यविनायकय नगरपालिका अन्तरगत वडा नं ५ को विभिन्न स्थानमा रहेका विद्युतीय पोलहरु स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरणको मिति २०७९।०५।१३ को पत्र बमोजिम रु.३,२२,२००। प्राधिकरणको खातामा जम्मा गरिदिने निर्णय गरियो ।

**निर्णय नं १२**

सूर्यविनायक नगर अस्पतालमा डी.डी.सेकुरिटिस प्रा.लि.मार्फत सुरक्षा गार्डका सेवा लिईदै आएको । नगरपालिका र उक्त संस्था बिचको सम्झौता अवधि २०७९ असार मसान्तसम्म रहेकोमा नगर अस्पताललाई सुरक्षा गार्डको सेवा निरन्तरता आवश्यक रहेकोले हाललाई सो प्रा.लि.सगको सेवा सम्झौता अवधि २०८० साल असारसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय न. १३**

भू उपयोग ऐन तथा नियमावली कार्यान्यन गर्नका लागि नगरपालिकाको भू उपयोग योजना निर्माण तथा नगर यातायात गुरु योजना निर्माण कार्यका लागि नियमानुसारको प्रकृया पुरा गरी परामर्शदाता मार्फत काम अघि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १४**

सूनपा ४ स्थित दधिकोट वृहत खानेपानी तथा सर सफाई मूल उपभोक्ता समितिको तर्फबाट सोही वडामा रहेको कि.न.७९८ को २ रोपनी १३ आना पर्ति जग्गा मध्ये ६ आना जग्गामा खानेपानी

कार्यालय भवन बनाउन सहमति माग गरिएको सम्बन्धमा आवश्यक प्रकृया पुरा गरेर जग्गा प्राप्त गरी भवन निर्माणका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

६ न. वडा कार्यालयको सिफारिस बमोजिम चुनदेवी मन्दिर क्षेत्रमा रहेको पर्ति जग्गाको कि.न. ३३३४ मध्येबाट ४ आना जग्गा शहिद राधेश्याम जोन्छे स्मृति प्रतिष्ठानको लागि शालिक तथा प्रतिष्ठान केन्द भवन निर्माण गर्न नगर कार्यपालिकाको मिति २०७८।८।३ मा निर्णय भई सकेको सन्दर्भमा उक्त संरचनाको नक्सा पास प्रकृया अगाडि बढाउने निर्णय गरियो ।